नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मितिः २०७८/०३/२१

## जिल्ला प्रशासन कार्यालय ललितपुरबाट जारी निषेध आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०३/२१ गते राति १२.०० बजे देखि मिति २०७८/०३/३१ गते राति १२.०० बजेसम्म लागू हुने गरी तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**क. निषेध गरिएका गतिविधिहरु :**

१. सबै प्रकारका सभा, सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, स्वीमिङ पुल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, फुटसल, जिमखाना, पुस्तकालय, संग्रहालय, चिडियाखाना, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य कार्यक्रम संचालन गर्न/ गराउन नपाउने ।

२. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर आदि गर्न/ गराउन नपाउने ।

३. विवाह, व्रतबन्ध तथा सामूहिक रुपमा गरिने सांस्कृतिक कार्यहरु होटल तथा पार्टी प्यालेसमा गर्न/गराउन नपाउने।

४. पुजारीबाट हुने नित्य पूजा बाहेकका अन्य धार्मिक तथा साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाउने।

५. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र) ले भौतिक उपस्थितिमा पठन पाठन गर्न गराउन नपाउने ।

६. स्थानीय ढुवानी विहान ९ बजे देखि ११ बजेसम्म र अपरान्ह ४ बजे देखि ७ बजे सम्म संचालन गर्न नपाउने।

**ख. संचालन गर्न पाउने गतिविधीहरु :**

**१. व्यवसाय संचालनको हकमाः**

क. औषधि तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समयमा निर्बाध रुपमा संचालन गर्न सकिने ।

ख. बुदाँ नं. क(१) मा उल्लेख भए बाहेकका अन्य व्यवसायहरु साँझ ६:०० बजेसम्म संचालन गर्न पाइने।पसल तथा व्यवसाय संचालन गर्दा कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्ने, अनिवार्य रुपमा स्यानिटाइजर व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने। यदि तोके बमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गर्न सकिने।

ग. अत्यावश्यक वस्तुहरुको अनलाईन अर्डर, रेष्टुरेण्ट एवं फास्टफुड तथा अन्य अर्डरहरु टेक अवे वा होम डेलिभरी प्रयोजनका लागि काठमाडौं उपत्यका भित्र साँझ ७:०० बजेसम्म संचालन गर्न सकिने।

**२. सर्वसाधारणको आवतजावतको हकमाः**

क. घरबाट बाहिर निस्किदा दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने ।अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने।

०७८/०३/२१
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मितिः ....................................

३. सवारी साधन संचालनको हकमाः

क. सार्वजनिक सवारी साधनहरु स्वीकृत सिट क्षमता अनुसार देहायका मापदण्ड पालना गर्ने गरी संचालन गर्न सकिने।

- कूल स्वीकृत सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने ।
- मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- चालक र सहचालकले अनिवार्य रुपमा मास्क, भाइजर र पन्जा लगाउने ।
- सवारी साधनको ढोकामा सेनिटाइजरको व्यवस्था हुनुपर्ने
- अनिवार्य रुपमा सवारी साधन दैनिक निसंक्रमित गर्नुपर्ने।

ख. निजी सवारी साधनको हकमा स्वास्थ्य मापदण्डको अनिवार्य रुपमा पालना गरी संचालन गर्न सकिने ।

ग. सफा टेम्पो तथा निलो माइक्रोले बुँदा नं. ३(क) लगायत देहायका मापदण्ड पालना गरी संचालन गर्न सकिने ।

- पछाडी तेर्सो सिटमा ४/४ जनाको दरले ८ जना र चालक छेउमा १ जना गरी कुल ९ जना यात्रु भन्दा नबढाउने।
- सवारीको मध्य भागमा दुईतर्फी यात्रुहरु छुट्याउने गरी प्लास्टिकको छेकबार लगाउने।

घ. अत्यावश्यक काम विशेषले उपत्यका प्रवेश गर्नेहरुको हकमा सवारी साधन छुट्ने जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिई छोटो, मध्यम तथा लामो दूरीका सार्वजनिक तथा निजी सवारी साधनहरु प्रवेश गर्न पाउने।

ङ. अत्यावश्यक काम परी उपत्यका बाहिर जानुपर्ने भएमा जानुपर्ने आधारभूत कारण खुलाई निवेदन पेश भएमा सो निवेदन हेरी प्रमुख जिल्ला अधिकारीले सहजीकरण गर्ने भनि उल्लेख गरि दिएको अवस्थामा मात्र गन्तब्य सम्मको आवागमन गर्न पाउने ।

च. सार्वजनिक तथा निजी निर्माण कार्यको लागि निर्माण सामग्री ढुवानी बेलुका ९ बजे देखि विहान ५ बजे सम्म संचालन गर्न पाइने।

४. परीक्षा तथा अन्य विषयको हकमाः

क. विभिन्न निकायबाट पूर्व निर्धारित सवै किसिमका लिखित तथा प्रयोगात्मक परीक्षाहरु देहाय बमोजिम शर्त पालना गरी संचालन गर्न सकिने।

- परीक्षा संचालन हुने कुनै एक स्थान (Venue) हल तथा कोठाको आकार अनुसार २५ जना भन्दा वढी मानिसहरु भेला जम्मा नहुने गरी परीक्षा संचालन गर्ने ।
- एकै दिनमा २५ जना भन्दा वढी मानिस जम्मा हुने अवस्था भएमा Shiftwise परीक्षा संचालन गरी परीक्षार्थीहरु हलमा प्रवेश गर्नु पूर्व र परीक्षा समाप्त भए पश्चात नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको भौतिक दुरी कायम हुने व्यवस्था मिलाउने ।
- एउटा Shift का सवै व्यक्तिहरु परीक्षास्थलबाट पूर्ण रुपमा बाहिरिए पछि मात्र अर्को Shift सँग सम्बन्धित व्यक्तिहरु प्रवेश गर्न मिल्ने गरी फरक समय राख्ने ।
- परीक्षा संचालनको क्रममा जनस्वास्थ्यका मापदण्डहरुको अनिवार्य पालना गरी मास्क तथा सेनिटाइजर को उचित प्रयोगको व्यवस्था गर्नुका साथै प्रत्येक Shift मा परीक्षा हल अनिवार्य रुपमा निसंक्रमित गर्ने ।



प्रमुख जिल्ला अधिकारी
०७८।०३।२९

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ......................................

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

ख. गोष्ठी, तालिम, सेमिनार, बैठक, समिक्षा, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्न सकिने। भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना गर्ने गरी संचालन गर्न सकिने।

५. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ। संक्रमणको अवस्था अनुसार यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ।

०७८/०३/२९

ढुण्डी प्रसाद निरौला
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी